नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ११२ २०८२ साल मंसिर १३ गते शनिबार (29 Nov 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पर्या-पर्यटनको आकर्षक... ३ पृष्ठमा : इन्टरनेटजन्य असुरक्षाबाट ... ३ पृष्ठमा :जापानको औद्योगिक...

## बिहेको प्रलोभन देखाएर शारीरिक सम्बन्ध बनाएपछि बिच्चलीमा नवालिका



**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

विहेको प्रलोभन देखाई नवालिकासँग एक युवाले शारीरिक सम्बन्ध बनाएर छाडेपछि उनी बिच्चलीमा परेकी छिन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ का २२ बर्षीय युवकले १५ वर्षिया नावालिकालाई प्रेमजालमा फसाउँदै शारीरिक सम्बन्ध समेत बनाएर छाडी दिएपछि उनी विचल्लीमा परेको हो ।

झापाको विर्तामोडमा सडक मरमत कार्यको रेखदेख गर्दै आएका ती युवकले पहिले देखी आफूसँग प्रेम गर्दै आएको र मंसिर ६ गते शनिवारका दिन आफूलाई विर्तामोड बोलाएर दुई दिनसम्म राखी शारीरिक सम्बन्ध बनाएको पीडित नवालिकाले बताईन् ।

"तिमीसँग विहे गर्छु भन्दै मलाई विर्तामोड बोलाएर शारीरीक सम्पर्क समेत गऱ्यो, विहे गर्न भन्दा जन्मदर्ता प्रमाण पत्र ल्याउनु पर्छ भन्दै मलाई भारदहसम्म ल्याएर छोडी दिएको छ" नवालिकाले भनिन् ।

दुई दिनपछि मंसिर ८ मा घर आएकी नवालिकका बाबु आमाले कहाँ गएकी थिइस ? सोधेपछी यो घट्ना बाहिरिएको हो । नवालिकका बाबु आमाले यसबारे परमेश्वरका बाबु आमासँग विहेबारे कुरा गरेका थिए । तर उनीहरुले छोराको तिम्रो छोरीसँग विहे गर्ने कुरालाई अस्विकार गरेपछि छोरी बिचल्लीमा परेको पीडीतका बुवाले बताए ।

युवकले मोबाईलको स्विच अफ गरेर बसेको र उनका आमा वुवा पनि विहेका लागि तयार नभएपछि प्रहरी समक्ष उजुरी दिएको पिडितका बावुले जानकारी दिए ।

***बाँकी तीन पृष्ठमा***

## सुरुङ्गामा डुबेर एक वृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

सप्तरीको सुरुङ्गा नगरपालिकामा दहमा डुबेर एक वृद्धको मृत्यु भएको छ ।

नगरपालिकाको वडा नम्बर ११ मा रहेको सार्वजनिक दहमा डुबेर बिहीबार स्थानीय ७० वर्षीय रामदेव मण्डलको मृत्यु भएको हो ।

पानीमा घोप्टो परी मृत अवस्थामा मण्डललाई देखेपछि स्थानियले प्रहरीलाई खबर गरेको थियो ।

घटनास्थलमा पुगेका प्रहरीले आवश्यक कानुनी प्रक्रिया पुरा गरी थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक डम्वर बहादुर पुरीले जानकारी दिए ।

उनले मृतकको शवलाई प्रादेशिक अस्पताल लहानमा पोष्टमार्टम पश्चात परिवारजनको जिम्मा लगाईएको बताए ।

## निर्वाचन सुरक्षाको जिम्मेवारी पूरा गर्न सेनालाई प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, १२ मङ्सिर (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्तिसुरक्षा बहाल गराई आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन गर्ने काममा नेपाली सेनाको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ ।

शुक्रवार भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयको निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले सरकारलाई प्राप्त जिम्मेवारीबमोजिम शान्तिसुरक्षाको प्रत्याभूतिसहित घोषित मितिमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरी राष्ट्रिय अभिभारा पूरा गर्ने अभियानमा सेनाको प्रमुख भूमिका रहेको स्पष्ट गर्नुभयो ।



गौरवमय इतिहास भएको नेपाली सेनाले निर्वाचन सुरक्षाका क्रममा यसअघि जस्तै प्राप्त जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो । "जनतालाई सुरक्षाको प्रत्याभूति दिन, प्रहरी कारबाहीलाई सहजीकरण, सहयोग र सुरक्षित गर्न तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सिर्जना गर्न स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिन्छु", प्रधानमन्त्रीले भन्नुभयो ।

आगामी निर्वाचनका क्रममा नागरिकको ज्यान जाने र घाइते हुने अवस्था आउन नहुनेमा जोड दिँदै प्रधानमन्त्रीले यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढङ्गले काम गर्न निर्देशन दिनुभयो ।

प्रधानमन्त्रीले जेनजी

***बाँकी तीन पृष्ठमा***

## विवाहमा नाच्दै गर्दा जेनेरेटरको फ्यानमा कपाल फँसेर गम्भिर घाईते

**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका स्थित एक विवाह समारोहमा नाचिरहेकी नवालिकाको जेनेरेटरको फ्यानमा कपाल फँस्दा गम्भिर घाईते भएकी छिन् ।

नगरपालिकाको वडा नम्बर १ महनौरीमा विवाह समारोहका क्रममा नाचिरहेको बेला जेनेरेटरको फ्यानमा कपाल फस्दा एक १४ वर्षीया बालिका गम्भीर घाइते भएकी हुन् ।

शम्भुनाथ नगरपालिका वडा नम्बर ३ घर भएकी खुशबु पाल मजदुरीका रुपमा विवाहमा नाच्न आएका बेला बिहीबार राति करिब ११ बजे जेनेरेटरको फ्यानमा कपाल फस्सिएपछि टाउकोको कपालसहित छाला समेत तानिँदै घाइते भएको प्रहरीले जनाएको छ ।

शुक्रबार बोदेबरसाईन १ स्थित प्रमोद यादवको छोरीको बिहेमा नाच्नको लागि श्रमिकको रुपमा आएकी खुशबु गम्भिर घाईते भएपछि स्थानीयले तत्कालै उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज ल्याएको थियो ।

उहाँको स्वास्थ्य अवस्था गम्भीर देखिएपछि बिहीबार राति नै थप उपचारका लागि न्युरो अस्पताल, विराटनगर लगिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भईरहेको उनले बताए ।

## प्रहरीको पेस्तोल लुटपाट गरी आपराधिक गतिविधिमा संलग्न तीन जना पक्राउ

काठमाडौँ, १२ मङ्सिर (रासस) ।

गत भदौ २३ र २४ गतेको जेनजी युवाहरूको प्रदर्शनका क्रममा प्रहरी कार्यालयबाट हतियार (पेस्तोल) लुटपाट गरी विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुर बागमती गाउँपालिका-७ घर भई हाल काठमाडौँ महानगरपालिका-२८ बागबजार बस्ने २५ वर्षीय निकेश विक, मकवानपुर बागमती गाउँपालिका-७ घर भई काठमाडौँ बागबजार बस्ने २५ वर्षीय सुरज विक तथा बागलुङ ढोरपाटन नगरपालिका-३ घर भई हाल काठमाडौँ-२८ भृकुटीमण्डप बस्ने २५ वर्षीय बालकृष्ण गैरे रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

***बाँकी तीन पृष्ठमा***

**स्वदेशी वस्तु प्रयोग गरौं ।**

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं ।

स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं, स्वावलम्बी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सङ्घ र प्रदेश सरकारबीचको सहकार्य थप मजबुद बनाइने

काठमाडौँ, १२ मङ्सिर (रासस) ।

गृहमन्त्री ओमप्रकाश अर्यालले सङ्घ र प्रदेश सरकारबीचको सहकार्यलाई थप मजबुद बनाइने बताउनुभएको छ । गृह मन्त्रालयमा आज मधेस प्रदेशका गृह, कानुन तथा सञ्चारमन्त्री बिमला अन्सारीसँग भएको भेटमा उहाँले मधेस प्रदेशको सुरक्षा सुदृढ गर्न केन्द्र सरकार पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो ।

भेटमा गृहमन्त्री अर्यालले प्रदेशको सुरक्षा व्यवस्थापनमा सहजता ल्याउन प्रहरी समायोजन ऐन कार्यान्वयनको प्रक्रियालाई शीघ्रता दिइने विश्वास दिलाउनुयो । उहाँले तोकिएकै समयमा निर्वाचन सम्पन्न गराउने सरकारको अटल प्रतिबद्धता पनि व्यक्त गर्नुभएको गृहमन्त्री अर्यालको सचिवालयले जनाएको छ ।

सो क्रममा उहाँहरूबीच समग्र मुलुकको शान्तिसुरक्षा, अपराध नियन्त्रण, प्रदेश(सङ्घीय सुरक्षा समन्वयलगायत पक्षलाई थप मजबुत बनाउने विषयमा गहन छलफल भएको थियो ।

# सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेलाई निःशुल्क उपचार

काठमाडौँ, १२ मङ्सिर (रासस) ।

काठमाडौँ महानगरपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिलाई निःशुल्क स्वास्थ्योपचार प्रदान गर्ने भएको छ । जसअन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, हिंसामा परेका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसामा परेका जो कोही व्यक्तिहरुलाई निःशुल्क उपचार गर्ने प्रक्रिया कामपाले अघि बढाइसकेको जनाएको छ ।

यसरी उपचार गर्नका लागि कामपाले छत्रपाटी निःशुल्क चिकित्सालयसँग चालु आर्थिक वर्षका लागि सम्झौता गरिसकेको कामपाकी उपप्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो । उहाँले पारिवारिक समस्याका कारण आफ्नो कोही नभएर उपचारमा जान नसक्नेहरू पनि महानगरपालिका छन् भन्ने महसुस हुन थाल्नु सुखद नतिजाको प्रारम्भ भएको बताउनुभयो ।

कामपाको प्रमुख प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले आवश्यक पर्नेले सजिलै सेवा प्राप्त गर्ने र सम्भावित दुरुपयोग रोक्ने प्रणालीबाट सेवा प्रवाह गर्न अस्पताललाई आग्रह गर्नुभयो ।

अस्पतालका अध्यक्ष डा मनोजमान श्रेष्ठले भन्नुभयो, "स्वास्थ्योपचारमा महत्व नदिने पाका व्यक्तिहरू उपचारका लागि आउन थाल्नु, समुदायका मानिस उपचारका बारेमा सोधखोज गर्न थाल्नु, कामपाको सहयोग प्राप्त भएको नतिजा हो ।"

सम्झौताबमोजिम कामपाका जनप्रतिनिधि, कर्मचारीहरुलाई पनि उपचार सेवा उपलब्ध हुनेछ । महिला कर्मचारी तथा जनप्रतिनिधिलाई म्यामोग्राम सेवा उपलब्ध गराइनेछ । त्यस्तै लैङ्गिक हिंसामा परेका व्यक्ति, बेवारिसे व्यक्ति, एकल महिला, अपाङ्गता भएका व्यक्ति र सिटी स्क्यान गर्नुपर्ने कर्मचारीका लागि सामाजिक विकास विभागको सिफारिस आवश्यक पर्नेछ । यसरी गरिएको उपचार खर्च महानगरपालिकाले व्यहोर्नेछ ।

उपचारका लागि महानगरपालिकाले चालु आवमा रु एक करोड ५० लाख बिनियोजन गरेको छ । यसमा *बाँकी अन्तिम पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# पर्या-पर्यटनको आकर्षक गन्तव्य बर्दिया राष्ट्रिय निकुञ्ज

- वासुदेव पौडेल

बर्दिया, १२ मङ्सिर (रासस)।

नेपालको तराई क्षेत्रको सबैभन्दा ठूलो संरक्षित क्षेत्रका रुपमा बर्दिया राष्ट्रिय निकुञ्जले चासो र चर्चा कमाएको छ । सुरुमा कर्णाली वन्यजन्तु आरक्षका रूपमा स्थापित यो निकुञ्ज पछि बर्दिया वन्यजन्तु आरक्ष हुँदै २०४५ मङ्सिर २० गते बर्दिया राष्ट्रिय निकुञ्जका रुपमा घोषणा भएको हो ।

यस निकुञ्जले बर्दियाको भूमि भएर बग्ने कर्णाली र बबई नदीका केही भागसमेत समेटेको छ । यसको कुल क्षेत्रफल ९६८ वर्गकिलोमिटर रहेको छभने यसको मध्यवर्ती क्षेत्र ५०७ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ रु। स्थानीय जनतालाई नियमित रूपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नेगरी २०५३ सालमा मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो ।

निकुञ्जअन्तर्गत चुरेको माथिल्लो भेगमा केही सल्लाका जङ्गल रहे पनि तराईतर्फको अधिकांश भाग सालको जङ्गलले ढाक्नाका साथै बीचमा विशाल घाँसेमैदान रहेका छन् । विशेषतः पाटेबाघको मुख्य वासस्थान क्षेत्र रहेका कारण उनीहरूको आहारा प्रजातिको वासस्थान संरक्षण गर्ने उद्देश्यले यस निकुञ्जको स्थापना गरिएको होरु।

सन् २०२२ को गणनाअनुसार यस निकुञ्जमा १२५ वटाको सङ्ख्यामा बाघ रहेको बर्दिया संरक्षण क्षेत्रका अध्यक्ष राजन चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार विश्वका १३ वटा देशमा चार हजार ८०० को सङ्ख्यामा बाघ भएको पाइएको छ । बाघ भूमिका रुपमा बर्दियाले आफ्नो विशिष्ट स्थान बनाएको बताउँदै चौधरीले यो क्षेत्र नमूना सिकाइको ठाउँका रुपमा पनि विकास भएको बताउनुभयो । "बाघकै कारण विश्वको ध्यान बर्दियामा आकर्षित भएको छ, यहाँ बाघका ठूला ठूला अनुसन्धानसँगै विभिन्न डकुमेन्ट्री पनि बनेका छन्", उहाँले भन्नुभयो ।

बाघसँगै अन्य जनावरका साथै विविधतायुक्त वनस्पति समेतले यो पर्या(पर्यटनको विशिष्ट गन्तव्यका रुपमा स्वदेश एवम् विदेशमा चासो र चर्चा कमाइरहेको उहाँले जानकारी दिनुभयो । बर्दिया राष्ट्रिय निकुञ्जमा बाघसँगै हात्ती, एकसिङे गैँडालगायत ६२ भन्दा बढी स्तनधारी प्रजातिका जनावर रहेका छन् । यस निकुञ्जमा ५१५ भन्दा बढी प्रजातिका चरा, विभिन्न प्रजातिका घस्रने वन्यजन्तुका साथै १२१ प्रजातिका माछा पाइने उक्त क्षेत्रमा पर्यटक पथप्रदर्शका रुपमा काम गर्दै आउनुभएकी मञ्जु महतराले जानकारी दिनुभयो । पर्या(पर्यटनको प्रचुर सम्भावना रहेको यस निकुञ्जमा बर्सेनी स्वदेशी एवम् विदेशी पर्यटकको सङ्ख्या बढिरहेको उहाँले जानकारी दिनुभयो ।

यहाँ आउने पर्यटकका लागि निकुञ्जले प्रवेश शुल्क वापत नेपालीका लागि एक सय रुपैयाँ, सार्क राष्ट्रका पर्यटकका लागि ७५० रुपैयाँ र विदेशी पर्यटकका लागि एक हजार पाँच सय रुपैयाँ शुल्क निर्धारण गरेको छ । यहाँ घुम्नका लागि प्रयोग हुने जीप, पर्यटक पथप्रदर्शकका लागि भने थप शुल्क लाग्ने गर्दछ । संसारमा सजिलै बाघ देख्न सकिने ठाउँका रुपमा ठूलो संख्यामा विदेशी पर्यटकको पनि आगमन बढिरहेको बताउँदै उहाँले पछिल्ला वर्षमा आन्तिरिक पर्यटकको आगमन पनि उत्साहजनक रुपमा बढेको जानकारी दिनुभयो ।

निकुञ्जअन्तर्गत हालसम्म तीन वटा सेक्टर, आठ वटा रेन्जपोस्ट र २४ वटा पोस्टबाट जैविक विविधताको संरक्षण, व्यवस्थापन तथा सार्वजनिक सेवासम्बन्धी कार्य हुँदै आएका छन्रु। नेपालको दोस्रो ठूलो सङ्ख्यामा प्रभावकारी रूपमा बाघ संरक्षण भएको यो निकुञ्जले २०२२ मा बाघ दोब्बर बनाउन सफल भएको थियो । त्यसबापत निकुञ्ज टिएक्सटु पुरस्कारबाट सम्मानित भएको थियोरु।

यो निकुञ्ज सफल रूपमा गैँडाको स्थानान्तरण भएको राष्ट्रिय निकुञ्जका रूपमा समेत चर्चित छ । यस निकुञ्जमा ३८ वटा एकसिङे गैँडा तथा १२० भन्दा बढी हात्ती रहेको महतराले जानकारी दिनुभयो । निकुञ्जमा बाह्रसिङ्गा,घडियाल गोही आदि रहेका छन् । निकुञ्जमा आउने पर्यटकहरू यहाँ देखिने बाघ, गैडा, हात्ति, घडियाल गोही, विभिन्न प्रजातिका चराचुरुङ्गीका साथै जैविक विविधता हेर्न लोभिने गरेको उहाँले बताउनुभयो ।

निकुञ्जका कारण यहाँको पर्यटनमा विशिष्ट योगदान पुगेको विगत ३१ वर्षदेखि यस क्षेत्रमा जङ्गल हेभेन होटेल एण्ड कटेज सञ्चालन गर्दै आउनुभएका पर्यटन व्यवसायी कृष्णप्रसाद भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार यस क्षेत्रमा आउने पर्यटकका लागि स्तरीय खाने, बस्ने सुविधा रहेका छ । विशेषतः २०६२/६३ देखि नेपालीमा पनि घुम्ने कम निकै बढिरहेको बताउँदै उहाँले पछिल्लो समयमा आन्तरिक एवम् विदेशी पर्यटकको आगमन निरन्तर हुने गरेको जानकारी दिनुभयो । देशका विभिन्न भागबाट आउने आन्तरिक पर्यटकसँगै विदेशी पर्यटकहरू आउने गरेको यस निकुञ्ज विद्यार्थीहरुको सिकाइ उपलब्धि गर्ने थलोका रुपमा समेत विकास भैरहेको उहाँको भनाइ छ ।

निकुञ्ज क्षेत्रमा स्तरीय पर्यटकीय होटल तथा होमस्टे भएका कारण यहाँ आउने जो कोहीलाई खान बस्नको कुनै असुविधा नरहेको उहाँले बताउनुभयो । कोरोना कहरअघि आगमन उत्साजनक रुपमा बढेकामा कोरोना कहरका कारण केही समय प्रभावित बनेको यहाँको पर्यटन पुनः चलायमान भइरहेको यहाँका पर्यटन व्यवसायीहरू बताउँछन् ।

बाघ नै यहाँका मुख्य आकर्षण रहेको र यो बाघको उर्बर भूमिका रुपमा परिचित छ । पर्या-पर्यटन विकास मञ्च, ठाकुरद्वाराका अध्यक्ष कृष्णप्रसाद भट्टराईका अनुसार बर्दिया राष्ट्रिय निकुञ्जमा प्रतिवर्ग किलोमिटरमा ९६ प्रजातिका बाघका आहारा प्रजातिका जनावर पाइन्छन् । सन् २०१९ मा यस निकुञ्ज संसारकै घुम्नैपर्ने गन्तव्यका रुपमा सूचीकृत भएको थियो ।

यहाँको संरक्षण एवम् प्रवर्द्धनका लागि राष्ट्रिय निकुञ्ज व्यवस्थापन, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेचर गाइड एशोसियसन, समुदायमा आधारित वन्यजन्तु तस्करीविरुद्ध काम गर्ने एकाइ, चरा प्रकृति संरक्षण क्लब, मध्यवर्ती समिति, नेपाल पर्यटन बोर्ड, ठाकुरबाबा नगरपालिकालगायत संस्थाहरू सक्रिय छन् ।

निकुञ्ज आसपासको सांस्कृतिक मौलिकता पनि आफैँमा विशिष्ट छ । थारु जातिको बस्ती, रहनसहन, संस्कृति, खानपिनले पनि यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको छ । आन्तरिक पर्यटकहरू जीप वा पैदल जङ्गल सफारी, फिसिङ, ऱ्याफ्टिङ, चरा अवलोकन, हात्ती सयर, क्याम्पिङ, सङ्ग्रहालय भ्रमण, गोही तथा हात्ती प्रजनन् केन्द्र भ्रमणजस्ता विविध पर्यटकीय गतिविधिमा रमाउने गरेका छन् । हालसम्मको अवस्थामा यहाँ आएका आन्तरिक पर्यटक सामान्यतः एक रात मात्र बिताउँछन् । बर्दियामा पर्यटकको बसाइ कसरी लम्ब्याउन सकिन्छ भन्नेतर्फ ध्यान केन्द्रित भएको यहाँका पर्यटन व्यवसायी बताउँछन् ।

अर्का पर्यटक पथप्रदर्शक रेशम थापाका अनुसार बर्दिया राष्ट्रिय निकुञ्ज मानवरहित नदीमा बसेर बाघ हेर्न पाउने गन्तव्य पनि हो । चरा पर्यटनका लागि पनि यो उत्तिकै महत्वपूर्ण रहेको उहाँले बताउनुभयो । "बर्दिया राष्ट्रिय निकुञ्जमा पैदल यात्रा गरेर पनि यहाँका वन्यजन्तु, वनस्पति आदि हेर्न सकिन्छ", उहाँले भन्नुभयो, "राम्रोसँग हेर्ने घुम्ने हो भने यहाँ चार/पाँच दिन बसेर घुम्न सकिने अवस्था छ ।" बर्दिया पर्या(पर्यटनका दृष्टिले पनि विशिष्ट गन्तव्य बनिरहेको उल्लेख गर्दै उहाँले बर्दियामा विभिन्न स्वदेशी एवम् विदेशी संस्थाले यहाँ वृत्तचित्रहरू पनि बनाएको जानकारी दिनुभयो ।

बर्दिया राष्ट्रिय निकुञ्ज चरा पर्यटनका लागि महत्वपूर्ण गन्तव्यका रुपमा स्वदेशी एवम् विदेशी पर्यटकको गन्तव्य बनिरहेको चराका क्षेत्रमा लामो समयदेखि अध्ययन अनुसन्धान गरिरहनुभएका पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरे बताउनुहुन्छ । उहाँका अनुसार कर्णाली चिसापानीदेखि डुङ्गामा शयर गर्दै धेरै प्रजातिका चराहरू अवलोकन गर्दै पर्यटकहरू यहाँको गेरुवा खोलासम्म पुग्ने गर्दछन् । चिसापनीदेखि गेरुवा खोलासम्म चराहरू हेर्दै डुङ्गमा शयर गर्न सकिने बताउँदै उहाँले त्यसका लागि एक दिन छुट्याउनुपर्ने जानकारी दिनुभयो ।

प्राकृतिक रुपमा सम्पन्न यस क्षेत्रको प्रवर्द्धनका लागि आफूहरू निरन्तर लागिरहेको ठाकुरबाबा नगरपालिकाका प्रमुख तिलक लम्सालले जानकारी दिनुभयो । यी सम्भावनालाई उजागर गर्न राज्यका तीनवटै निकाय लाग्नु जरुरी रहेको बताउँदै उहाँले संरक्षणमा राज्य र नागरिक दुबै पक्ष जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

हालै होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथको आयोजना एवम् नेपाल पर्यटन बोर्ड र पोखरा भ्रमण वर्ष २०२५ को सहयोगमा पोखराको लेखनाथ क्षेत्रका पर्यटन व्यवसायीले 'जाउँ है बेगनास पोखरा' कार्यक्रमका साथ बर्दिया राष्ट्रिय निकुञ्जको स्थलगत अवलोकन गरेका थिए । आन्तरिक पर्यटनलाई चलायमान बनाउनका साथै विभिन्न गन्तव्यका पर्यटन व्यवसायीहरुको व्यवसायिक साझेदारी बढाउनका लागि यस किसिमका प्रवर्द्धन कार्यक्रमलाई जोड दिइएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो । "बर्दिया र पोखरा दुबै आफैँमा महत्वपूर्ण गन्तव्य हुन्", उहाँले भन्नुभयो, "बर्दियामा विभिन्न सीमा नाका हुँदै आउने भारतीय पर्यटकका साथै तेस्रो मुलुकबाट आउने आउने पर्यटकलाई पोखरासम्म ल्याउनका लागि पनि यस्ता कार्यक्रमले सहयोग पुग्ने हाम्रो विश्वास छ ।"

पोखराबाट नेपालगञ्जको सिधा उडानसमेत भइरहेको अवस्थामा बर्दिया आएका पर्यटक नेपालगञ्ज विमानस्थलबाट पोखरा र पोखरा आएका पर्यटकलाई सिधा उडानमार्फत नेपालगञ्ज हुँदै बर्दिया पुऱ्याउन सकिने सम्भावना छ । पर्या(पर्यटन पर्यटनको महत्वपूर्ण आधार भएको हुँदा देशभित्रका यस्ता गन्तव्यहरूको प्रवर्द्धन र विकासमा राज्यको चासो पुग्नुपर्ने देखिन्छ ।

# इन्टरनेटजन्य असुरक्षाबाट बच्न डिजिटल साक्षरता कार्यक्रम

काठमाडौँ, १२ मङ्सिर (रासस)।
काठमाडौँ महानगरपालिकाले नगरवासीलाई विद्युतीय सेवासम्बन्धी काम गर्न सक्षम बनाउनका लागि डिजिटल साक्षरतासम्बन्धी प्रशिक्षण दिने भएको छ। इन्टरनेटजन्य असुरक्षाबाट बचाउन डिजिटल साक्षरतासम्बन्धी प्रशिक्षण कार्यक्रम प्रारम्भ गर्न लागिएको कामपाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिनुभयो।

प्रवक्ता मानन्धरका अनुसार प्रविधिको बढ्दो प्रयोगलाई उपयोगी काममा प्रयोग गराउन तथा प्रविधिजन्य जोखिमबाट बचाउन यस प्रकारको प्रशिक्षण सञ्चालन गर्ने निर्णय गरिएको हो। "प्रविधिको प्रयोगसँगै इन्टरनेटको सही उपयोग र आधारभूत डिजिटल सुरक्षाका बारेमा हरेक व्यक्तिलाई थाहा हुनुपर्छ", प्रवक्ता मानन्धरले भन्नुभयो, "प्रविधिको उपयोगले जीवनलाई जति सहज बनाउँछ, चलाउँदा ख्याल गरिएन भने जोखिम पनि उत्तिकै बढाउँछ।" प्रविधिको सही प्रयोगबाट सेवामा सहज पहुँच बढाउन र यसमा हुनसक्ने जोखिमबाट महानगरवासीलाई बचाउन प्रशिक्षण चाहिएको प्रवक्ता मानन्धरको भनाइ छ।

उहाँका अनुसार हामीले कार्यान्वयन गर्न चाहेको विद्युतीय शासनको प्रभावकारी कार्यान्वयनका लागि नागरिकलाई आत्मविश्वाशका साथ प्रविधि चलाउन सक्ने बनाउनुपर्छ। साइबर सुरक्षाका विषयमा जानकार बनाउनुपर्छ। प्रशिक्षणबाट यो दायित्व पूरा हुन्छ। नेपालको शासन प्रशासनलाई पारदर्शी बनाउन डिजिटल नेपाल बनाउनुपर्ने पनि उहाँको भनाइ छ।

कामपा सूचना प्रविधि विभागका प्रमुख अनिरुद्र नेपालका अनुसार पहिलो चरणमा वडा नं १७, १८, १९ र २९ मा प्रशिक्षण सुरु गरेर क्रमशः अन्य वडामा विस्तार गर्दै लगिनेछ। डिजिटल साक्षरतालाई प्रशिक्षार्थीको सूचना प्रविधिसँगको ज्ञानका आधारमा आधारभूत, मध्यम र विशिष्ट विषय राखेर प्रशिक्षण गराउन सकिन्छ। मोबाइल प्रविधि प्रशिक्षणका लागि पहिलो आवश्यक विषय हो। स्मार्टफोनलाई सही सेटिङ गरिएन भने व्यक्तिगत विवरण चोरी हुनसक्छ। गलत एप्लिकेसनबाट व्यक्तिगत, पारिवारिक सूचना अर्काले लिएर आपराधिक क्रियाकलापमा प्रयोग गर्न सक्छ।

यसका लागि एप्लिकेसनको जोखिमबाट बच्ने तरिका, मोबाइल डाटाको प्रयोग, वाइफाइको प्रयोग र सुरक्षा हरेक प्रयोगकर्तालाई थाहा हुनुपर्छ। डिजिटल वित्तीय साक्षरता, मोबाइल बैंकिङ र वालेट्स, अनलाइन भुक्तानी, यसमा हुनसक्ने ठगी र बच्ने उपाय इन्टरनेट चलाउने हरेक व्यक्तिलाई ज्ञान हुनपर्छ।

व्यक्तिगत गोपनीयतासँगै साइबर सुरक्षाका लागि बलियो पासवर्ड राख्ने तरिका, ओटीपी (वन टाइम पासवर्ड)को प्रयोग, भाइरस, एन्टी भाइरस, शङ्कास्पद लिङ्कको पहिचान र यसबाट बच्ने तरिका जान्नुपर्छ। यी सबै विषयमा महानगरवासीलाई बुझ्न सक्ने बनाउन प्रशिक्षण सञ्चालन गर्न लागिएको कामपाको भनाइ छ।

# शिथिल अर्थतन्त्रलाई भूमि अध्यादेशले चलायमान बनाउँछः महासङ्घ

काठमाडौँ, १२ मङ्सिर (रासस)।
नेपाल जग्गा तथा आवास विकास महासङ्घले मन्त्रिपरिषद्बाट पारित भएको भूमिसम्बन्धी अध्यादेशको नवौँ संशोधनले मुलुकको शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने विश्वास व्यक्त गरेको छ।

महासङ्घका अध्यक्ष विष्णुप्रसाद घिमिरेले आज एक विज्ञप्ति जारी गरी महासङ्घले लामो समयदेखि उठाउँदै आएको भूमिसम्बन्धी अध्यादेशको नवौँ संशोधनलाई हालैको मन्त्रिपरिषद्बाट पारित गरी राष्ट्रपतिकामा प्रमाणीकरणका लागि पठाएकामा सरकारलाई धन्यवाद दिनुभयो।

"सरकारले भूमिसम्बन्धी अध्यादेश, नवौँ संशोधन-२०८२ लाई मन्त्रिपरिषद्बाट भर्खरै पारित गरेर राष्ट्रपति रामचन्द्र पौडेल समक्ष प्रणाणीकरणका लागि सिफारिस गरेकोप्रति महासङ्घ हार्दिक आभार प्रकट गर्दछ", विज्ञप्तिमा भनिएको छ।

जग्गा हदबन्दीका कारण लामो समयदेखि समस्यामा परेका व्यवसायीलाई भूमिसम्बधी अध्यादेश प्रमाणीकरण भएसँगै राहत पुग्ने विश्वास महासङ्घले लिएको छ। अध्यक्ष घिमिरेले अध्यादेश जारी भएसँगै व्यवसायीले जग्गा हदबन्दीका कारण बिक्री हुन नसकेको हाउजिङ तथा अपार्टमेन्ट बिक्री गर्न पाउने र खरिदकर्ताले आफ्नो नाममा पास गरी लालपूर्जा पाउने बाटो खुल्ने बताउनुभयो।

हदबन्दीका कारण देखाउँदै सम्पत्ति बिक्रीमा रोक लगाउँदा व्यवसायीको करिब रु दुई खर्ब बराबरको सम्पत्ति रोकिएको 'होल्ड' भएको महासङ्घले जनाएको छ। हदरबन्दीका कारण व्यवसायी, ग्राहक र व्यवसायीमाथि लगानी गर्ने बैङ्कहरूसमेत समस्यामा परेका अध्यक्ष घिमिरेको भनाइ छ।

महासङ्घका उपाध्यक्ष दीपक कुँवरले घरजग्गा क्षेत्र 'उद्योगको पनि उद्योग' भएकाले यस क्षेत्रलाई चलायमान बनाउन आवश्यक रहेको बताउनुभयो। घरजग्गा क्षेत्र चलायमान हुँदा सिमेन्ट उद्योग, रड उद्योग, इँट्टा उद्योग, काठ उद्योग, आल्मुनियम उद्योग, गिट्टी उद्योग, बालुवा उद्योग राम्रोसँग चल्ने, युवाहरुले रोजगार पाउने र शिथिल रहेको मुलुकको अर्थतन्त्रसमेत चलायमान हुने उहाँको भनाइ छ।

महाससङ्घले जग्गा वर्गीकरणको जिम्मा स्थानीय सरकारले लिए पनि स्थानीय सरकारले समयमै जग्गा वर्गीकरण नगरिदिँदा कित्ताकाटसमेत खोल्ने र रोकिने क्रम रहेकाले स्थायी रूपमा यसको समाधान गरिदिन सरकारलाई आग्रह गरेको छ।

वर्तमान सरकारले व्यवसायीको समस्या बुझेर ल्याउन खोजेको यस अध्यादेशले व्यवसायी मात्र नभई समग्र राज्यलाई नै फाइदा पुग्ने विश्वास महासङ्घले लिएको छ।

# देशभर कृषि सर्वेक्षण गरिँदै

काठमाडौँ, १२ मङ्सिर (रासस)।
कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सरकारले कृषि क्षेत्रको विकासका लागि देशभर कृषि सर्वेक्षण सुरु गरेको छ। मन्त्रालयले सबै स्थानीय तह, प्रदेशको कृषि मन्त्रालयलगायत सरोकार भएका निकायसँगको समन्वयमा तथ्याङ्क सङ्कलन सुरु गरेको हो।

तथ्याङ्क लिँदा दोहोरो गणना हुन सक्ने भएकाले एकद्वार प्रणालीबाट स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको मन्त्रालयका तथ्याङ्क शाखा प्रमुख रामकृष्ण रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार कृषि उत्पादन, पशुपालन, लागत, बजारीकरण, आम्दानी, सिँचाइ, पूर्वाधारको अवस्थालगायत विस्तृत विषयवस्तुलाई तथ्याङ्क सङ्कलन गरिने छ।

गणकले किसानसँग प्रत्यक्ष भेटेर कृषि सर्वेक्षण गरिरहेका छन्। नमूना विधिका माध्यमबाट सङ्कलन गरिने तथ्याङ्कमा पहिलो चरणमा छ लाख किसान छनोट गरिने रेग्मीले जानकारी दिनुभयो। तीमध्येबाट ५१ हजार किसान छनोट गरी कृषि क्षेत्रमा उनीहरूको अनुभव तथा सरकारबाट प्रवाह गरिएका सेवा, सहुलियतमा लक्षित वर्गको पहुँच तथा समस्या पहिचान गरी आधिकारिक तथ्याङ्क सङ्कलन गरिने छ।

राष्ट्रिय जनगणना र कृषि गणनापछिको महत्त्वपूर्ण राष्ट्रियस्तरको कार्यक्रमका रूपमा कृषि सर्वेक्षणलाई लिइएको छ। देशभर तथ्याङ्क सङ्कलन भएपछि त्यसलाई थप अध्ययन गरी अन्तिम परिणाम आगामी पुससम्म सार्वजनिक गरिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सर्वेक्षण तथा तथ्याङ्क सङ्कलनका लागि स्थानीय तहमा क्षमता अभिवृद्धि गर्न तालिम तथा आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ। कृषि नीति तथा योजना तर्जुमा गर्न वैज्ञानिक आधार तयार पार्न तथ्याङ्क महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ।

## *निर्वाचन...*

आन्दोलनका क्रममा लुटिएका र हराएका हातहतियारको खोजतलाससहित नियन्त्रणमा लिन प्रहरीलगायत सुरक्षा निकायसँग आवश्यक सहकार्य गर्न, मुलुकमा शान्ति सुरक्षा सुनिश्चित गर्न तथा फरार अपराधी पक्रन खटिएका प्रहरीलाई सहयोग गर्न पनि निर्देशन दिनुभयो।

जङ्गी अड्डा निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले निर्वाचन सुरक्षा तयारीबारे जानकारी लिनुभयो। यसैगरी सेनाले हालको सुरक्षा अवस्था, प्रमुख चुनौती र आगामी योजनाबारे 'ब्रिफिङ' गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। निर्वाचन सुरक्षामा सेना परिचालनको योजना र ढाँचाबारे पनि प्रस्तुतीकरण दिइएको थियो।

कार्यक्रममा गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव सुमनराज अर्याल, प्रधानसेनापति अशोकराज सिग्देललगायत विशिष्ट अधिकारीको उपस्थिति थियो।

## *बिहेको...*

जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी निवेदन दिएपछि त्यसलाई आवश्यक कारवाहीका लागि इलाका प्रहरी कार्यालय हनुमाननगर पठाइएको छ।

इलाका प्रहरी कार्यालय हनुमाननगरले मंसिर १४ गते दुबै पक्षलाई छलफलमा राखेर कुरा गर्ने अनि त्यसपछी मात्र आवश्यक प्रकृया अघि बढाउने जवाफ दिएको पीडित नवालिकका बुवाले जानकारी दिएका छन।

## *प्रहरीको...*

उहाँले भन्नुभयो, "गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा प्रहरी कार्यालयबाट हतियार लुटपाट गरी विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको भन्ने विशेष सूचनाका आधारमा निजहरूलाई पक्राउ गरिएको हो।"

पक्राउ परेकाहरूबाट प्रहरीले सिएफ ९८-९००१०४००८२३६ नम्बरको पेस्तोल एक थान र सोही पेस्तोलको म्यागिजन एक थान तथा टाइप ५४-५५०१११३३ नम्बरको पेस्तोल एक थान बरामद गरेको जनाइएको छ। पक्राउ परेका तीनै जनालाई हातहतियार तथा खरखजानासम्बन्धी कसुरमा थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर भद्रकाली, पठाइएको सूचना अधिकारी आचार्यले बताउनुभयो।

## विश्व समाचार

### जापानको औद्योगिक उत्पादन अक्टोबरमा १.४ प्रतिशतले बढ्यो

टोकियो, १२ मङ्सिर (रासस/सिन्ह्वा)।
जापानको औद्योगिक उत्पादन अक्टोबर महिनामा अघिल्लो महिनाभन्दा १.४ प्रतिशतले वृद्धि भएको छ। उक्त वृद्धि मुख्यतः सवारीसाधन उत्पादनमा आएको ठूलो वृद्धिका कारण भएको सरकारी तथ्याङ्कले शुक्रबार जनाएको छ।

अर्थ, व्यापार तथा उद्योग मन्त्रालयका अनुसार सेप्टेम्बरमा औद्योगिक उत्पादन २.६ प्रतिशतले बढेको थियो, जसलाई पछिल्लो संशोधनपछि अझ बढाइएको हो। अक्टोबरमा मोटर सवारी क्षेत्र मात्र ६.६ प्रतिशतले बढ्दा समग्र उत्पादन वृद्धि भएको बताइएको छ।

सम्बन्धित १५ मध्ये ९ उद्योगले वृद्धि देखाएका छन्, जसमा विद्युतीय मेसिन तथा सूचना-सञ्चार उपकरण क्षेत्र पनि समावेश छन्। पाँच उद्योग विद्युतीय पुर्जा तथा उपकरण क्षेत्र, घटेको मन्त्रालयले स्पष्ट पारेको छ।

अमेरिकाका परिवर्तनशील भन्सार नीतिहरू तथा देशभित्रै महँगी बढेकाले मागमा आएको कमजोरीजस्ता कारणले आगामी दिनमा उत्पादनको अवस्थाबारे उद्योगिहरू अझै चिन्तित रहेको मन्त्रालयका एक अधिकारीले बताउनुभएका छन्।

मन्त्रालयले औद्योगिक उत्पादनबारे आफ्नो मूल्याङ्कन यस महिनामा पनि परिवर्तन नगरी 'अनिश्चित रूपमा उतार-चढाव भइरहेको' उल्लेख गरेको छ।

### मलेसियामा बाढी सङ्कट गहिरिँदै, २६ हजारभन्दा बढी विस्थापित

क्वालालाम्पुर, १२ मङ्सिर (रासस/सिन्ह्वा)।
मलेसियामा भइरहेका भीषण बाढीका बीच मलक्का राज्यमा ११ वर्षका एक बालकको बगेर मृत्यु भएको पुष्टि गरिएको छ। सङ्कलन पोखरीमा बगेर हराएका बालकलाई उद्धारकर्मीहरूले अन्तिम पटक देखिएको स्थानबाट करिब ६०० मिटर टाढा मृत फेला पारेका हुन्।

देशभर बाढीका कारण विस्थापित हुनेको सङ्ख्या बढेर २६ हजार ९२८ पुगेको सामाजिक कल्याण विभागले जनाएको छ। पीडितहरूलाई २७३ राहत केन्द्रहरूमा आश्रय दिइएको छ, जसमा सबैभन्दा बढी प्रभावित क्षेत्र कलान्तान राज्य रहेको छ।

यसैबीच, मौसम विभागले मलक्का जलसन्धिबाट भित्रिँदै गरेको उष्णकटिबन्धीय आँधी 'सेन्यार'का कारण लगातारै खराब मौसम रहने चेतावनी जारी गरेको छ।

### संयुक्त राष्ट्रसंघद्वारा इमरान खानको मानव अधिकारको संरक्षण र सम्मान गर्न आह्वान

न्यूयोर्क(अमेरिका), १२ मङ्सिर (रासस/एएनआई)।
संयुक्त राष्ट्रसङ्घका उप प्रवक्ता फरहान हकले पाकिस्तानका पुर्व प्रधान मन्त्री इमरान खानको मानव अधिकारको सम्मान सुनिश्चित गर्न विश्व निकायले पाकिस्तानी अधिकारीहरूलाई आग्रह गरेको पुष्टि गर्नु भएको छ।

गिरफ्तारी र चलिरहेको कानुनी कार्यवाही उहाँको मानव अधिकार पछिको विषय भएको भन्दै संयुक्त राष्ट्र सङ्घले यस्तो राजनीतिक रूपमा संवेदनशील मामिलाहरूमा, कानून अन्तर्गत निष्पक्ष व्यवहार र प्रक्रियात्मक निष्पक्षता आवश्यक रहेकोमा जोड दिएको छ।

एएनआईको प्रतिक्रियामा, संयुक्त राष्ट्रसङ्घका उप प्रवक्ता हकले भन्नु भयो "हामीले उहाँको मानव अधिकारको सम्मान गर्न आह्वान गरेका छौं।"

पाकिस्तानका केही भागहरूमा अशान्ति बढ्दै जाँदा विधिको शासन, निष्पक्ष मुद्दाको अधिकार कायम राखी शान्तिपूर्ण भेला र विरोध प्रदर्शनलाई अनुमति दिन संयुक्त राष्ट्रसङ्घले विज्ञप्ति मार्फत अपिल गरेको जनाइएको छ।

सन् २०२२ मा प्रधानमन्त्रीको पदबाट हटाइएपछि खानले धेरै आरोपहरूको सामना गर्नु परेको छ। उहाँका कानुनी समर्थकहरूले कार्यवाही राजनीतिबाट प्रेरित रहेको र अन्तर्राष्ट्रिय निकायहरूले-संयुक्त राष्ट्रसँग सम्बन्धित संस्थाहरू सहित-अधिकारीहरूलाई मनमानी हिरासत र निष्पक्ष परीक्षण अधिकारको अस्वीकार जस्ता उल्लङ्घनको आरोप लगाएका छन्।

यसैबिच पूर्व प्रधानमन्त्री इमरान खानका कान्छो छोरा कासिम खानले समाजिक सञ्जाल एक्स मार्फत सरकारले परिवारका सबै सुविदाहरु काटेर आफ्ना बुबालाई पूर्ण एकान्त वासमा राखेको दाबी गर्नु भएको छ।

# निर्वाचनका लागि मतदान केन्द्र निर्धारण र म्यादी प्रहरी भर्नाको तयारी

काठमाडौँ, १२ मङ्सिर (रासस) ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान केन्द्र र निर्वाचन सुरक्षाका लागि म्यादी (अस्थायी) प्रहरीको सङ्ख्या यकिन गरी आवश्यक प्रक्रिया सुरु गर्न सम्बद्ध निकाय तयारीमा जुटेका छन् । यसअघिको पूर्वानुमानभन्दा नयाँ मतदाता थप भई सङ्ख्या बढेकाले एकीकृत निर्वाचन सुरक्षा योजनामा प्रक्षेपित एक लाख ३२ हजार म्यादी प्रहरी बढाउनुपर्ने आवश्यकता देखिएपछि सम्बद्ध निकाय तयारीमा जुटेका हुन् ।

गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेले निर्वाचन सुरक्षा योजना कार्यान्वयनका क्रममा नेपाल प्रहरीले म्यादी प्रहरीको भर्ना प्रक्रिया सुरु गर्ने बताउनुभयो । नयाँ मतदाताको सङ्ख्यालाई आकलन गरेर म्यादी प्रहरीको सङ्ख्या बढ्न सक्ने उहाँले उल्लेख गर्नुभयो ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी अतिरिक्त महानिरीक्षक अबिनारायण काफ्लेले निर्वाचन आयोगले मतदान केन्द्र यकिन गरेपछि सुरक्षा संवेदनशीलताका आधारमा शीघ्र जिल्ला सुरक्षा समितिमार्फत म्यादी प्रहरीको भर्ना प्रक्रिया प्रारम्भ हुने जनाउनुभयो । उहाँले एकीकृत सुरक्षा योजना तथा म्यादी प्रहरी छनोटको मापदण्ड प्रदेश र जिल्लास्तरसम्म पुगेकाले थप हुने मतदान केन्द्रका आधारमा जनशक्ति स्पष्ट हुने बताउनुभयो ।

निर्वाचनका क्रममा कूल ४० दिन खटिने म्यादी प्रहरीले प्रहरी जवानले पाउनेसरह आधारभूत तलब, लत्ताकपडा, यातायात खर्चलगायत सुविधा पाउनेछन् । निर्वाचनका लागि नेपाल प्रहरीले ७१ हजारभन्दा बढी प्रहरी खटाउने तयारी गरेको प्रहरीका केन्द्रीय प्रवक्ता काफ्लेले जानकारी दिनुभयो ।

केन्द्रीय सुरक्षा समितिले निर्वाचनभन्दा पूर्व, निर्वाचनको अवधि र निर्वाचनपछि गरी तीन चरणको सुरक्षा योजना बनाएको छ । निर्वाचनका लागि सङ्घीय सरकारको सिफारिसमा राष्ट्रपतिबाट बिहीबार नेपाली सेना परिचालनको स्वीकृति भइसकेको छ । निर्वाचनको पहिलो घेरामा प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा सेना रहनेछन् भने म्यादी प्रहरीले नेपाल प्रहरीलाई सघाउनेछन् ।

यही मङ्सिर ५ गते सम्पन्न भएको मतदाता नामावली सङ्कलन कार्यमा फोटो तथा औँठाछापसहितको जैविक विवरण ( बायोमेट्रिक्स)मार्फत तीन लाख ४४ हजार ९१४ र राष्ट्रिय परिचयपत्रमार्फत चार लाख ९२ हजार १८० नयाँ मतदाता थपिएका छन् । गत कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा भएका नयाँ मतदाता मतदान नामावलीमा दर्ता भएसँगै कूल मतदाता एक करोड ८१ लाख ६८ हजार २३ पुगेको छ ।

आयोगले विवरणमा त्रुटि सच्याउन वा उजुरी दिन सकिने समय दिएपछि अन्तिम मतदाता नामावली सार्वजनिक गर्नेछ । विसं २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेका थिए । त्यसबेला १० हजार ८९२ मतदान स्थलमा २२ हजार २२७ मतदान केन्द्र तथा १४१ अस्थायी मतदान केन्द्र तोकिएका थिए ।

# विराटनगरबाट सवारीचालक अनुमतिपत्र सेवा सञ्चालन

मोरङ, १२ मङ्सिर (रासस) ।

यातायात व्यवस्था कार्यालय विराटनगरले अवरुद्ध सवारीचालक अनुमतिपत्र प्रदान सेवा सञ्चालनमा ल्याएको छ । गत भदौ २४ गते भएको जेनजी आन्दोलनमा यातायात व्यवस्था विभागको 'सर्भर' प्रणालीमा क्षति पुगी रोकिएको सेवा पुनः सञ्चालनमा आएको हो ।

विभागको सर्भर सञ्चालन भएपछि यहाँबाट सेवा सुरु भएको विराटनगर कार्यालयका सूचना अधिकारी गिरिराज पराजुलीले जानकारी दिनुभयो । उहाँले कार्यालयले चालक अनुमतिपत्रका लागि लिखित तथा 'ट्रायल' परीक्षा सुरु गरेको बताउनुभयो । कार्यालयले गत भदौ ३० गतेदेखि सवारी दर्ता, सवारी दर्ता खारेज, दर्ता खारेज, नामसारी तथा सवारी लगत कट्टालगायत सेवा सुरु गरे पनि सवारीचालक अनुमतिपत्रसम्बन्धी सेवा भने सञ्चालनमा ल्याउन सकेको थिएन ।

कार्यालयमा सबै प्रकारको सेवा लिन दैनिक १५० देखि २०० जना सेवाग्राही आउने गरेको छ । कार्यालयले हप्तामा तीनपटक सवारीचालक अनुमतिपत्रका लागि परीक्षा लिँदै आएको छ । कार्यालयले दुई तथा चारपाङ्ग्रे सवारीसाधनसहित सबै प्रकारको सवारीसाधनका लागि सवारीचालक अनुमतिपत्र उपलब्ध गराउँदै आइरहेको छ । विराटनगर कार्यालयले विसं २०७९ साउनदेखि सवारीचालक अनुमतिपत्रसम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ ।

# वैदेशिक रोजगारीमा जानेको स्वास्थ्य परीक्षण शुल्क बढाएकामा एशोसियसनको आपत्ति

काठमाडौँ, १२ मङ्सिर (रासस) ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क बढाएकामा आपत्ति जनाएको छ ।

एशोसियसनले आज एक विज्ञप्ति जारी गरी मङ्सिर १० देखि लागू हुनेगरी वैदेशिक रोजगारमा जाने कामदारका लागि एकैपटक ठूलो भार पर्नेगरी स्वास्थ्य शुल्क बढाएकामा आपत्ति जनाएको हो ।

सरकारले युएई मुलुकका हकमा रु चार हजार ५०० बाट दोब्बर बढाएर रु नौ हजार ५०० र अन्य मुलुकको हकमा रु छ हजार ५०० बाट रु नौ हजार ५०० पुऱ्याएको छ । शुल्क वृद्धिले वैदेशिक रोजगारमा जाने गरिबी र विपन्न अवस्थाका कामदारमाथि निकै भार परेको एशोसिएसनको बुझाइ रहेको एशोसियसनका अध्यक्ष दीपक थापाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यस्तै, खाडी तथा मलेसिया जाने कामदारका लागि रु १० दश हजार सेवा शुल्क तोकेको अवस्थामा स्वास्थ्य परीक्षण शुल्क नै नौ हजार ५०० लिनु गम्भीर आपत्तिको विषय भएको अध्यक्ष थापाले उल्लेख गर्नुभयो ।

रोजगारीका लागि विशेषगरी मलेसिया र खाडीमुलुक जाने नेपाली अतिविपन्न अवस्थामा रहेकाहरू हुने एशोसिएसनको भनाइ छ । ती मुलुकमा दैनिक एक हजार ५०० युवा रोजगारका लागि जाने गरेका र उक्त निर्णयले विपन्न श्रमिकमाथि आर्थिक भार थप्ने एशोसियसनले जनाएको छ ।

गन्तव्य मुलुकले नेपालमा गरिने स्वास्थ्य परीक्षणको विश्वास नगरी आफ्नो मुलुकको मापदण्डअनुसार स्वास्थ्यपरीक्षण गराउने गरेको अवस्थामा नेपालमा परीक्षणका लागि शुल्क बढाउनु राम्रो नभएको जनाइएको छ ।

नेपालमा हुने स्वास्थ्य परीक्षण केवल श्रम स्वीकृतिको कानुनी प्रक्रिया पूरा गर्ने औपचारिकता मात्रै भएको एशोसियसनको भनाइ छ । एशोसियसनले विपन्न अवस्थामा रहेका कामदारमाथि आर्थिक भार हुनेगरी गरिएको स्वास्थ्य परीक्षण शुल्क वृद्धि तत्काल फिर्ता लिन आग्रहसमेत गरेको छ ।

# भूमिगत विद्युतीकरणको काम ८० प्रतिशत सम्पन्न

चितवन, १२ मङ्सिर (रासस) ।

भरतपुर महानगरपालिका क्षेत्रमा गरिएको भूमिगत विद्युतीकरणको काम हालसम्म ८० प्रतिशत सम्पन्न भएको छ । आगामी माघसम्ममा काम सम्पन्न गर्ने लक्ष्य राखिएकामा हालसम्म ८० प्रतिशत काम पूरा भएको हो ।

नेपाल विद्युत् प्राधिकरणको पोखरा(भरतपुर वितरण प्रणाली सुदृढिकरण आयोजनाले भरतपुरको छ लेन सडक र बाइपास सडकमा भूमिगत विद्युतीकरणको काम गरिरहेको छ । आयोजना प्रमुख इन्जिनियर आनन्द सुवेदीका अनुसार आयोजनाले भूमिगत विद्युतीकरणसँगै काम सकिएका ठाउँमा परीक्षण प्रसारणस्वरुप विद्युत् प्रवाह सुरु गरेको छ । आयोजना क्षेत्रभित्रका ४० प्रतिशत ठाउँमा भूमिगतमार्फत विद्युत् प्रवाह गरिएको उहाँले जानकारी दिनुभयो ।

सुवेदीले भन्नुभयो, "पुस अन्तिम वा माघको देस्रो सातासम्म काम सम्पन्न गर्नेगरी अघि बढेका छौँ ।" अहिले केबल बिछ्याउने, ट्रमिनेसनमा जडान गर्ने, घरघरमा विद्युत् जडान गर्न सर्भिस केबल बिछ्याउने, ट्रान्सफर्मर पोष्ट बनाउने काम गरिएको उहाँले बताउनुभयो ।

उहाँले थप्नुभयो, "तीन महिनासम्ममा भूमिगतबाट विद्युत् सेवा प्रवाह गर्नेगरी काम अघि बढाएका छौँ ।" भूमिगत प्रसारणबाट विद्युत् प्रवाह गरिए पनि केही समय पोलका तार नहटाइने उहाँले जानकारी दिनुभयो । तार भए पनि विद्युत् प्रसारण नहुने भन्दै उहाँले गर्मी समयमा विद्युत्को क्षमता धान्न सक्ने/नसक्ने हेरेर मात्रै सडक माथिका तार हटाइने बताउनुभयो ।

केन्द्रीय बस ट्रमिनलबाट गोन्द्राडसम्मको सडकमा पहिला ३३ केभिए लाइन मात्रै भूमिगत गर्ने भनिए पनि अहिले थप गरी ११ केभिए र चार सय भोल्टको लाइनलाई भूमिगत गर्न थालिएको प्रमुख इन्जिनियर सुवेदीले उल्लेख गर्नुभयो । पछिल्लो सम्झौताअनुसार भरतपुर महानगरपालिकाभित्र चनौली लाइन जडानका लागि भरतपुर महानगरको मुख्य सहरी क्षेत्रमा भूमिगतमार्फत काम गर्दै लगिएको छ ।

भरतपुर महानगरभित्र विद्युतीय तार भूमिगत गर्नका लागि रु एक अर्ब ४० करोड लागत लाग्ने छ । सुरुवाती समयमा रु एक अर्ब ३० करोड बजेट भरतपुरलाई विनियोजन गरिएको थियो । काम थपिएसँगै रु १० करोड थप गरिएको हो ।

निर्माणको ठेक्का भारतको टाटा प्रोजेक्ट लिमिटेडले पाएको थियो । सन् २०२१ अक्टोबरदेखि ठेक्का सम्झौता गरी काम सुरु गरिएको हो । ठेक्का सम्झौता अनुसार पहिलो चरणको समय सन् २०२४ को जनवरी २० मा सकिएसँगै पटक(पटक म्याद थप गरेर कामलाई अघि बढाइएको हो । सन् २०२६ जुलाईसम्म म्याद थप गरिएको छ । एसियाली विकास बैंकको सहयोगमा प्राधिकरणले यो आयोजना अघि बढाएको हो ।

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

धरान (सुनसरी), १२ मङ्सिर (रासस) ।

तीव्र गतिको मोटर साइकल सडक किनारमा रोकिएको ट्रकमा ठोक्किँदा त्यसका चालकको मृत्यु भएको छभने सोही वाहनमा सवार अर्का एक जना गम्भीर घाइते भएका छन् ।

धरान उपमहानगरपालिका-८ तीनकुनेस्थित सडक किनारमा रोकेर राखिएको प्रदेश १-०२-००१ ख ८९५७ नम्बरको ट्रकमा प्रदेश १-०३-००१ प १३२४ नम्बरको मोटरसाइकल गए राति ठोक्किँदा चालक इटहरी उपमहानगरपालिका-४ का २५ वर्षीय मञ्जिल लिम्बूको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता चन्द्र खड्काका अनुसार मोटरसाइकलमा सवार इटहरी-५ का ३२ वर्षीय अमित राईको अवस्था गम्भीर छ । निजको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान उपचार भइरहेको छ ।

## *सामाजिक...*

अस्पतालले ३० प्रतिशत थप गरेर रु एक करोड ८० लाख बराबरको उपचार सेवा उपलब्ध गराउने कामपाले जानकारी दिएको छ । सेवा लिन कर्मचारी र जनप्रतिनिधिहरुलाई परिचयपत्र, ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता कार्ड, राष्ट्रिय परिचय पत्र, नागरिकता अनिवार्य आवश्यक कामपाले जनाएको छ ।




प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np